# सि सि एस समाचार: शिक्षा बोर्डका बैठकहरूकालागि सुरक्षित र सुरक्षा निति (प्रोटोकल) हरू

आदरणीय सि सि एस समुदाय,

कलम्बस सिटी स्कूल्सले २०२४-२०२५ स्कूल वर्षकालागि तयारी गर्दै गर्दा, सुरक्षित र सुरक्षालाई जिल्लाको उच्च प्राथमिकताहरूमा रहेको सुनिश्चित गर्दछ। सम्भावित सरोकारहरूलाई सक्रिय रूपमा सम्बोधन गर्न, जिल्लाले **सबै कलम्बस बोर्ड अफ एडुकेशनका बैठकहरूकालागि** सुरक्षा उपायहरूमा बृद्धि (परिष्कृत) गर्ने बारे प्रस्तुत गर्दैछ।

**अगस्ट ६, २०२४ देखि लागु हुने गरि,** कलम्बस बोर्ड अफ एडुकेशनका बैठकहरूमा भाग लिने सबै अतिथिहरू, सि सि एसका कर्मचारी र बोर्ड सदस्यहरू सहितले, सि सि एसका सुरक्षा कर्मचारीहरूद्वारा स्क्रीनिंग अधीनमा रहनु पर्नेछ। सुरक्षा स्क्रिनिङहरूमा ह्यान्डहेल्ड मेटल डिटेक्टर वान्डहरू र वाक-थ्रु स्क्रिनिङ डिटेक्टरहरूको प्रयोग समावेश हुनेछ। जिल्लाले आफ्ना सुविधाहरूमा प्रवेश गर्ने सबै वस्तुहरूको निरीक्षण गर्ने अधिकार सुरक्षित गर्दछ।

यो कार्यसमितिको बैठक अघि, बोर्ड सदस्यहरूले बेलुका ५:१५ बजेदेखि ५:४५ बजेसम्म कार्यालय समय राख्नेछन् जुन समय समुदाय सदस्यहरूलाई प्रश्नहरू सोध्न र विचार राख्न वा सरोकारहरू साझा गर्न व्यक्तिगत रूपमा संलग्न हुन अनुमति दिन्छ। अन्यथा उल्लेख नगरेसम्म, यो बोर्डको कार्यसमिति बैठक दक्षिण प्रशासनिक भवन, 3700 S. High Street मा अवस्थित कोठा नम्बर ८२५ मा साँझ ६:०० बजे सुरु हुनेछ। कार्यालय समय वा नियमित बोर्ड कार्यसमिति बैठकहरूकालागि सबै सहभागीहरूले भवनको उत्तर तर्फमा अवस्थित वाक-थ्रु स्क्रीनिंग डिटेक्टरहरू मार्फत प्रवेश गर्न आवश्यक हुनेछ।

"हाम्रा विद्यार्थी, कर्मचारी र आगन्तुकहरूको सुरक्षालाई सुनिश्चित गर्नु हाम्रो उच्च प्राथमिकता हो। राष्ट्रिय स्तरमै सुरक्षामा चिन्ता बढ्दै गएपछि, हामीले डिटेक्टर स्क्रिनिङहरू लागू गरि सुरक्षा उपायहरूमा बृद्धि (परिष्कृत) गर्न महत्त्वपूर्ण छ," भनि कलम्बस बोर्डले भन्यो।